मिति :- २०७३/०८/०५

श्रीमान प्रबन्ध संचालक ज्यू,

तनहूँ हाइड्रोपावर परियोजना प्रा. लि.

विषय :- ज्ञापन-पत्र

महोदय,

तनहूँ हाइड्रोपावर प्रोजेक्टले तनहूँ जिल्लाको विच भाग भई बग्ने सेती नदीमा बाँध बाँधी जलासय युक्त विद्युत गृह निर्माण गर्न लागिएको सन्दर्भमा हामी पीडित सार्वभौम स्थानीय वासीन्दाहरु औपचारिक रुपमा सु-सुचित हुने हक अधिकारबाट वञ्चित भएको, हामी पीडितहरु सित अर्थपूर्ण परामर्श नलिएपनि १२ पटक सम्म परामर्श लिएको भनि एसियाली विकास बैंकलाई भ्रमित गराउने कार्य गरेको, परियोजना निर्माण कार्य प्रारम्भ गर्नु भन्दा पूर्व स्थानीय पीडित परिवारबाट स्वीकृत लिनु पर्नेमा सो समेत नलिएको अवस्था भएतापनि र परियोजना निर्माण कार्यबाट हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेता पनि देशको उर्जा संकट समाधान गर्न, देशलाई विद्युत अपूर्तिमा आत्म निर्भर तुल्याउन र बढी उत्पादित विद्युत निर्यात गरी समृद्ध नेपाल निर्माण गर्नको लागि हाइड्रोपावर निर्माण कार्यको हामी हार्दिक स्वागत गर्दछौं ।

निश्चित पनि हाइड्रोपावर निर्माण कार्य पश्चात हामीले परम्परा देखि भोग चलन गर्दै आएको हाम्रो पुर्ख्यौली जग्गा जमिन, चरिचरण, घाँस दाउराको लागि उपयोग गर्ने वनजंगल, हामी हिड्ने बाटो तथा पूल पूलेसा आदि डुवानमा पर्न गई हाम्रो दैनिक जीवन पद्धति, धार्मिक, साँस्कृतिक र आर्थिक जीवनमा प्रतिकुल असर पार्ने भएको छ । यति मात्र नभई हामी पीडितहरु मध्ये केहीको पूरै जग्गा जमिन डुवानमा पर्न गई यस ठाउँबाट विस्थापित हुनुपर्ने, केहीको आंशिक रुपमा जग्गा डुवानमा पर्न गई बाँकी रहेको जग्गा प्रयोगमा लिन नसकिने अवस्था हुने भएको छ भने केहीको पुस्तौ पुस्ता देखि भोग चलन गर्दै आएको तर लालपूर्जा प्राप्त नभएको अवस्था रहेको छ । यसरी निर्माण कार्यले गर्दा हामीले कष्टपूर्ण जीवन विताउनु पर्ने बाध्यता सृर्जना भएको छ । हाम्रो पुर्ख्यौली जग्गा जीमन एक पटकलाई मात्र होइन सदाको लागि हामीले गुमाउनु पर्ने भएको छ । जसरी मृत व्यक्ति जीवित हुन सक्दैन त्यसरी नै गुमेको जग्गा जमिनको स्वामित्व हामीले पुनः प्राप्त गर्न सक्दैनौं । यस विषम परिस्थितिको गम्भिर ढंगले विश्लेषण गर्न अति आवश्यक छ ।

अत परियोजना निर्माण कार्यले हाम्रो दैनिक जीवनशैलीमा ठूलो नकरात्मक असर पार्ने हुँदा हामी जीवन मरण दोसाँधमा छौ र हामीले बाध्यतावश जोखिम युक्त जीवन बिताउनु पर्ने अवस्था आएको हुँदा उचित मुआब्जा र क्षतिपूर्तिका साथै देहायका मागहरु परिपूर्तिका लागि हामी सम्पूर्ण पीडित परिवारहरु जोडदारका

[redacted] [redacted]

साथ माग गर्दछौं । यदि हाम्रो मागको सम्बन्धमा न्यायोचित ढंगले सुनुवाई भएन र उचित मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराइएन र हाम्रा परिवार तथा बाल बच्चा बिचल्ली हुने अवस्था आएमा हाइड्रोपावर निर्माण कार्यसित हाम्रो विलकुल असहमति रहने व्यहोरा यसै ज्ञापन-पत्र मार्फत अवगत गराउन चाहन्छौं ।

हाम्रा दुई संस्थाहरु (प्रत्यक्ष सरोकार डुवान क्षेत्र संरक्षण समिति र तनहूँ जलविद्युत प्रत्यक्ष प्रभावित क्षेत्र सरोकार समिति) पीडित  परिवारहरुका वास्ताविक र आधिकारीक संस्था हुन । प्रभावित गा. वि. स. र न. पा मा यसका उपसमितिहरु समेत गठन गरिएको व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।

हाम्रा मागहरु:

१) तनहूँ हाइड्रोपावर परियोजना-द्वारा निर्मित पुनर्वास तथा आदिवासी योजना (मस्यौदा) २०१२ को प्रतिलिपि अविलम्व उपलब्ध गराइयोस् ।

२) एशियाली विकास बैंकको सुरक्षण निति नेपाली भाषामा तुरुन्त उपलब्ध गराइयोस् ।

३) नेपाल सरकारद्वारा विकास सम्बन्धी निर्मित नितिहरु अविलम्ब उपलब्ध गराइयोस् ।

४) पीडित-पक्ष सित अर्थपूर्ण परामर्श गरियोस् ।

५) ए. डी. वी. को नीति अनुसार तुरुन्त स्थानीय परामर्श मञ्च गठन गरियोस् ।

६) मुआब्जा निर्धारण समितिमा पीडित पक्षको प्रतिनिधि समावेश गरियोस् ।

७) मुआब्जा वितरण गर्दा आनाको रु. पाँच लाखका दरले उपलब्ध गराइयोस् ।

८) मुआब्जा वितरण गर्दा जग्गाको वर्गीकरण नगरी एकरुपता कायम गरी वितरण गरियोस् ।

९) जग्गा जमीन आंशिक रुपमा डुबानमा पर्न गई बाँकी रहेको जग्गा प्रयोगमा लिन नमिल्ने हुँदा बाँकी जग्गाको पनि मुअब्जा उपलब्ध गराइयोस् ।

१०) ७ नं. फाराम र तिरोतिरेका रसिद भएका तर जग्गा धनी, प्रमाण-पूर्जा नभएका जग्गाधनीलाई पनि मुआब्जा उपलब्ध गराइयोस् ।

११) जग्गा धनी पूर्जा नभएका तर पुस्तौ पुस्ता देखिने भोगचलन गर्दै आएका जग्गा धनीहरुलाई मुअब्जा वितरण गरियोस् ।

१२) जलाशायमुक्त भएपछि प्रयोगमा आइरहेका बाटो, पूल पूलेसाहरु डुबानमा पर्न जाने हुँदा चुलेसी, टुटुवा, सान्टारी, वान्टाङ खोला, लिवाङ खोला, दब्लेङमा मोटोरेवल पूल निर्माण गरियोस् ।

१३) जलाशययुक्त भएपछि खहरे खोलाले बगाई ल्याउने ग्रावेल बगरले जग्गा जमिन पुरिने हुँदा हाल डुबानमा नपरेपनि त्यस्ता जग्गाधनीहरुलाई समेत मुअब्जा वितरण गरियोस् ।

१४) पिडित पक्षका परिवारहरुलाई रुचि अनुसार सीपमूलक व्यवसायिक तालिम प्रदान गरियोस् ।

[redacted] [redacted]

१५) डुवानमा नपरेपनि डुबानबाट तत्काल असर पर्ने जग्गा जमिन र संरचनाहरुको पनि तुरुन्त सर्भे गराई मुअब्जा वितरण गरियोस् ।

१६) जलाशय युक्त क्षेत्रमा माछापालनको व्यस्था मिलाइयोस् ।

१७) प्रभावित क्षेत्रका विपन्न वर्गको जीवन निर्वाहको लागि विशेष व्यवस्था मिलाइयोस् ।

१८) प्रोजेक्टद्वारा संचालित कार्यक्रममा पीडित परिवारको समितिलाई सम्मिलित गराइयोस् ।

१९) पीडित परिवारहरुलाई विद्युत प्राधिकरणको शेयर नि:शुल्क वितरण गरियोस् ।

२०) प्रत्यक्ष प्रभावित क्षेत्रमा नि:शुल्क विद्युत वितरण गर्ने व्यवस्था मिलाइयोस् ।

२१) विस्तृत सर्भे गर्दा छुट्न गएका जग्गा जमिन पुन: सर्भे गरियोस् ।

२२) जलाशय निर्माण पछि पर्यटकबाट प्राप्त हुने आम्दानी प्रभावित क्षेत्रको विकासको लागि छुट्याउने व्यवस्था मिलाइयोस् ।

२३) जलासय निर्माण पछि वन्यजन्तु तथा चराचुरुङ्गीको वास स्थान उखडन गई खेतीवाली तर्फ बढ्ने र बालीनाली नष्ट गर्ने हुँदा बाली नालीको क्षतिपूर्तिको व्यवस्था मिलाइयोस् ।

२४) प्रभावित क्षेत्रको पाटीपौवा, घाट, तथा समाधि स्थल डुब्ने हुँदा त्यस्ता पाटी पौवा घाट तथा समाधि स्थलको व्यवस्था मिलाइयोस् ।

२५) पीडित परिवारलाई १ घर १ रोजगारको व्यवस्था मिलाइयोस् ।

२६) माथि उल्लेखित मागहरु १५ दिन भित्र सम्बोधन गरियोस् ।

[redacted]

[redacted]

तनहुँ जल विद्युत प्रत्यक्ष प्रभावित क्षेत्र
सरोकार समिति
[redacted]

प्रत्यक्ष सरोकार डुबान क्षेत्र संरक्षण समिति
[redacted]

**बोधार्थ तथा कार्यार्थ :**

१) सम्माननीय प्रधानमन्त्री ज्यू, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरबार

२) माननीय उर्जामन्त्री ज्यू, उर्जा मन्त्रालय सिंह दरबार

३) माननीय सांसद तथा पूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेल ज्यू

४) माननीय टुकराज सिग्देल ज्यू

५) माननीय भुल बहादुर आले ज्यू

६) श्री कार्यकारी निर्देशक ज्यू, नेपाल विद्युत प्राधिकरण काठमाडौं

७) श्री प्रमुख जिल्ला अधिकारी ज्यू, जिल्ला प्रशासन कार्यालय, तनहुँ

८) श्री मालपोत प्रमुख ज्यू, मालपोत कार्यालय, तनहुँ

९) श्री स्थानीय विकास अधिार ज्यू, जिल्ला विकास समितिको कार्यालय, तनहुँ

१०) श्री सचिव ज्यू, कोटदरबार, काहुँ शिवपुर, रानीपोखरी, माझकोट, भीमाद, छाङ्ग, जामुने, गा. वि. स. हरु

११) श्री कार्यकारी प्रमुख, व्यास नगर पालिका

१२) श्री सम्पादक ज्यू, राष्ट्रिय तथा स्थानीय संचार माध्यमहरु

१३) राजनैतीक दलहरु

१४) श्री एशियासली विकास बैंक

१५) श्री युरोपियन इन्भेष्टमेन्ट बैंक

१६) श्री जाइका